# गोसाईकुण्ड गाउँपालिका रसुवा

# स्थानीय राजपत्र

**खण्डः- ०२** **संख्याः- ०५** **मितिः- २०७६/०४/६**


## भाग-२

### गोसाईकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय स्याफ्रुवेशी, रसुवाको सूचना

### गोसाईकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६

गोसाईकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गोसाईकुण्ड गाउँपालिका रसुवाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यी नियमहरुको नाम "गोसाईकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२.    **<u>गोसाईकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम २ मा संशोधन:-</u>** गोसाईकुण्ड गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (यस पछि "मूल नियमावली" भनिएको) को –

(१) नियम २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

(ग) "अमानत" भन्नाले गाउँपालिका आफैले गर्ने कुनै पनि निर्माण कार्य तथा आय संकलनको कार्य सम्झनु पर्छ ।

(२) नियम २ को (ट) को सट्टा देहायको (ट) राखिएको छ:-

(ट) "कार्यालय" भन्नाले गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(३) नियम २ को खण्ड (ढ) पछि देहायको खण्ड (ढक) थप गरिएको छ:-

(ढक) "गाउँपालिका" भन्नाले गोसाईकुण्ड गाउँपालिका रसुवा सम्झनु पर्छ । सो शब्दले गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालय समेतलाई जनाउने छ ।

३.    **<u>मूल नियमावलीको नियम ३क थप:-</u>** मूल नियमावलीको नियम ३ पछि देहायको नियम (३क) थपिएको छ:-

३क. **प्याकेजिङ तथा समूह विभजन सम्बन्धी व्यवस्था:-** (१) कार्यालयले खरिद कार्यको प्याकेजिङ गर्दा नियम ८ को उपनियम (२) को खण्ड (ग) बमोजिम खरिद गुरुयोजनामा उल्लेखित प्याकेज संख्या भए सोको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

(२) कार्यालयले खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयारी गर्दा अधिकतम प्रतिस्पर्धा हुने गरी गर्नु पर्नेछ ।

(३) प्याकेज बनाउँदा प्रतिस्पर्धालाई संकुचित र सीमित गर्नेगरी ठूलाठूला प्याकेज बनाई बोलपत्र आब्हान गर्नु हुदैन।

(४) गाउँपालिकाको निर्माण कार्य गर्दा एउटै प्रकृतिको काम भएतापनि प्रत्येक वडाको फरक फरक स्थान अनुसार फरक फरक प्याकेज बनाई काम गर्नु पर्नेछ ।

(५) सडक, पदमार्ग, भवन, ताल तथा कुण्ड, भ्यूटावर, खानेपानी, सिंचाई, खेलमैदान, बसपार्क, केबुलकार, तटबन्ध, गुम्बा निर्माण तथा बस्ती विकास जस्ता आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्श सेवा लिनु पर्ने भए भिन्दा भन्दै स्थानमा गर्नु पर्ने छुट्टा छट्टै कामको लागि स्थान अनुसार छुट्टा छुट्टै प्याकेज बनाई परामर्श सेवा खरिद गर्नु पर्नेछ ।

(६) सडक, पदमार्ग, ताल तथा कुण्ड, भ्यूटावर, खानेपानी, सिंचाई, खेलमैदान, बसपार्क, केबुलकार, बस्ती विकास, तटबन्धको निर्माण, ढुंगा गिट्टी बालुवा, माटो वा माटो मिसिएको बालुवा उत्खनन्, संकलन तथा विक्रि वितरण गर्ने जस्ता फरकफरक कार्यको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकनको कार्य परामर्श सेवाबाट गराउनु पर्ने भए फरक फरक स्थानमा गर्नु पर्ने छुट्टाछट्टै कामको लागि स्थान अनुसार यथासम्भव छुट्टाछुट्टै प्याकेज बनाई परामर्श सेवा खरिद गर्नु पर्नेछ।

(७) गाउँपालिकाको समग्र विकासको गुरुयोजना, आवधिक योजना, पर्यटन विकास तथा कृषि विकास जस्ता क्षेत्रगत विकासका गुरुयोजना तयार गर्ने कार्यको लागि परामर्श सेवा लिनु गर्नु पर्ने भए त्यस्ता छुट्टा छुट्टै कार्यको लागि छुट्टा छुट्टै प्याकेज बनाई परामर्श सेवा खरिद गर्नुपर्नेछ ।

४. **<u>मूल नियमावलीको नियम ५ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

(१) मालसमान खरिद गर्नु अघि खरिद इकाईले शाखा/वडा कार्यालय/ स्वास्थ्य चौकी/ विद्यालय/ अन्य पदाधिकारी तथा निकायबाट खरिद माग प्राप्त गरी सो माग अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

५. **<u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

(३) गाउँपालिकाले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख, विरुवा लगायतका हटाउने संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई सडक निर्माण कार्यको बोलपत्र आव्हान गर्नु हुदैन ।

तर जनताको जीवन यापनसँग सम्बन्धित कृषिउपजको ढुवानी गर्नु पर्ने, बिरामीको लागि एम्बुलेन्स सेवा वस्तीस्तरसम्म पु-याउनु पर्ने, ट्याक खोलिसकेको सडकको मर्मत तथा स्तरोन्नती गर्नु पर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नभएपनि बोलपत्र आव्हान गरी सडक निर्माण गर्न सकिनेछ । तर यसरी गरिने सडक निर्माणको कार्य वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी मात्र गर्नु पर्नेछ ।

६. **<u>मूल नियमावलीको नियम ११ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ११को उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशको

"दररेट उपलब्ध नभएमा" भन्ने शब्दहरु पछि "रसुवा जिल्लाको जिल्ला दररेट समितिले तोकेको दररेट वा" भन्ने शब्दहरु थपिएका छन् ।

७. **<u>मूल नियमावलीको नियम १२ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १२ को उपनियम (२) को खण्ड (घ) पछि देहायको उपनियम (घक) थपिएको छ :-

(घक) रसुवा जिल्ला भित्र वा रसुवा जिल्ला बाहिरका कम्तिमा तीन देखि अधिक्तम छ वटा सम्म व्यक्ति वा फर्म वा कम्पनी वा आपूर्तिकर्ता वा उत्पादकले उपलब्ध गराएको दरभाउ पत्रको औसत दररेट ।

८. **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १३ को उपनियम (३) को खण्ड (ग) पछि देहायको खण्ड (गक) र खण्ड (गख) थपिएका छन् :-

(गक) रसुवा जिल्लाको जिल्ला दररेट समितिले तोकेको दररेटको आधारमा तयार भएको लागत वा,

(गख) रसुवा जिल्ला भित्र वा रसुवा जिल्ला बाहिरका कम्तिमा तीन देखि अधिक्तम छ वटा सम्म परामर्शदाताले उपलब्ध गराएको लागतको औसत लागत ।

९. **<u>मूल नियमावलीको नियम १४ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १४ को उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएका छ :-

(३क) उपनियम (२) बमोजिमको समितिबाट भाडाको लागत अनुमान तयार भैसकेको रहेनछ भने रसुवा जिल्लाको जिल्ला दररेट समितिले निर्धारण गरेको दररेटलाई आधार मान्नु पर्नेछ ।

१०. **<u>मूल नियमावलीको नियम २७ मा संशोधन</u>:-** मूल नियमावलीको नियम २७ को उपनियम (४) मा रहेका "बहुतले भवन वा सडकमार्ग" भन्ने शब्दहरु झिकिएका छन् ।

११. **<u>मूल नियमावलीको नियम २८ मा संशोधन</u>:-** मूल नियमावलीको नियम २८ को उपनियम (२) को खण्ड (क) मा रहेका "पाँच" भन्ने शब्दको सट्टा "तीन" भन्ने शब्द राखिएको छ ।

१२. **<u>मूल नियमावलीको नियम २९ मा संशोधन</u>:-** मूल नियमावलीको नियम २९ को उपनियम (७) पछि देहायको उपनियम (७क) थपिएको छ :-

(७क) निर्माण कार्यको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । त्यस्तो कार्यको जिम्वेवारी संयुक्त उपक्रमको कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न पाईने छैन ।

१३. **<u>मूल नियमावलीको नियम ३७ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ३७ को उपनियम (६) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन ।

१४. **<u>मूल नियमावलीमा नियम (३७क) थप</u>:-** मूल नियमावलीको नियम ३७ पछि देहायको नियम ३७क थपिएको छ :-

**३७क. स्वदेशी बोलपत्रदातालाई प्राथमिकता दिनु पर्ने:-** (१) अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा एकल रुपमा वा स्वदेशी फर्म, संस्था वा कम्पनीसँग संयुक्त उपक्रम गरी सहभागी

हुने स्वदेशी फर्म, संस्था वा कम्पनीलाई प्राथमिकता( डोमेष्टिक प्रिफरेन्स) दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्राथमिकता दिंदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोलअंक रकमको पाँच प्रतिशतसम्म बढी बोलअंक भएको स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ ।

१५. **मूल नियमावलीको नियम ५३ मा संशोधन:-** मूल नियमावलीको नियम ५३ को खण्ड (ञ) को सट्टा देहायको (ञ) राखिएको छ :-

(ञ) ऐन, यस नियमावली र स्ट्याणडर विडिङ डकुमेण्टको विपरित नहुने गरी कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु ।

१६. **मूल नियमावलीको नियम ५४ मा संशोधन:-** मूल नियमावलीको नियम ५४ को उपनियम (१) को खण्ड(ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छ:-

(ठ) ऐन, यस नियमावली र स्ट्याणडर विडिङ डकुमेण्टको विपरित नहुने गरी कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु ।

१७. **मूल नियमावलीको नियम ६१ मा संशोधन:-** मूल नियमावलीको नियम ६१ को-

(१) उपनियम (१) को "वाणिज्य बैंकले" भन्ने शब्दहरु पछि "वा वित्तिय संस्थाले" भन्ने शब्दहरु थप गरिएका छन् ।

(२) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छ:-

(५क) गाउँपालिकाले बोलपत्रको मान्य हुने अवधि बढाउनु पर्ने कारणको विश्लेषण गरी पुष्ट्याई हुने प्रयाप्त आधार भएमा

मात्र उपनियम (५) बमोजिम बोलपत्रको मान्य हुने अवधि बढाउन पत्र पठाउनु पर्नेछ । बोलपत्रको मान्य हुने अवधि बढाउनु पर्ने त्यस्तो आधार र कारण बिना समयमा नै बोलपत्र मूल्याङ्कन नगरेको वा पेश भएको मूल्याङ्कनको सम्बन्धमा समयमा नै निर्णय नगरेको कारणबाट बोलपत्र मान्य हुने अवधि बढाउँदा त्यसबाट हानी नोक्सानी हुन गएमा सोको जिम्मेवारी त्यस्तो काममा संलग्न कर्मचारी र मूल्याङ्कन समितिका पदाधिकारी समेतको हुनेछ ।

(३) उपनियम (६) पछि देहायको उपनियम (छक) थपिएको छ:-

(छक) उपनियम (छ) बमोजिम बोलपत्रको मान्य हुने अवधि बढाउने बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्रावधानको प्रतिकूल हुनेगरी कुनैपनि थप शर्त उल्लेख गर्न सक्ने छैन ।

१८. **मूल नियमावलीको नियम ६५ मा संशोधन:-** मूल नियमावलीको नियम ६५ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्:-

(१) गाउँपालिकाले पूर्वयोग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात, परामर्श सेवाको प्रस्ताव विक्रि र दर्ताको अभिलेख छुट्टा छुट्टै राख्नु पर्नेछ ।

(२) बोलपत्रदाता वा प्रस्तावदाता आफैले वा निजको प्रतिनिधिले पूर्वयोग्यताको प्रस्ताव, बोलपत्र तथा परामर्श सेवाको प्रस्ताव पेश गर्न ल्याएमा बुझिलिई निजलाई मिति र समय खुलेको भर्पाई दिन सकिनेछ ।

१९. **<u>मूल नियमावलीको नियम ६८ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ६८ को उपनियम (१) को सट्टा देहायका उपनियम (१) राखिएका छ:-

(१) प्रमुख प्रशासकीय अधिकृतले दर्ता भएको बोलपत्र वा प्रस्ताव नियम १७ बमोजिमको खरिद अधिकारीको संयोजकत्वमा वा खरिद अधिकारी कार्यालयमा उपस्थित नभएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा बोलपत्र वा प्रस्ताव खोल्न कम्तिमा दुई जना सदस्य रहने समिति गठन गरी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पूर्वनिर्धारित समयमा बोलपत्र वा प्रस्ताव खोल्न लगाउनु पर्नेछ ।

२०. **<u>मूल नियमावलीको नियम ७४ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ७४ को-

(१) उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

(क) निर्माण कार्यको कार्ययोजना, कार्यसम्पादन तालिका र परिचालन समय बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको भए सो अनुसारको भए वा नभएको,

(२) उपनियम (३) पछि देहायको प्रतिबन्धात्मक वाक्यांशहरु राखिएका छन्:-

तर उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दुई करोड रुपैयाँभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको लागि बोलपत्रदातासँग निजको कबोल अंकको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्यसम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्नु पर्ने छैन ।

२१. **मूल नियमावलीको नियम ७८ मा संशोधनः-** मूल नियमावलीको नियम ७८ को खण्ड (च) पछि देहायको खण्ड (च१) र (च२) थपिएका छन्:-

(च१) परामर्शदाताको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता सम्झौता पश्चात काम गर्न नसक्ने गरी विरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिव कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा वाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न नसक्ने कुरा,

(च२) कुनै परामर्शदाता मुख्य जनशक्तिको हैसियतले सम्झौता बमोजिम पूर्णकालिन रुपमा संलग्न रहेको अवस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सो सम्झौता बमोजिमको कार्यतालिकामा दोहोरो पर्ने गरी सोही व्यक्तिको व्यक्तिगत विवरण अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न नमिल्ने कुरा,

२२. **मूल नियमावलीको नियम ८० मा संशोधनः-** मूल नियमावलीको नियम ८० को उपनियम (१) को "विद्युतीय सञ्चार माध्यम मार्फत पठाई" भन्ने शब्दहरु पछि "प्रति प्याकेज" भन्ने शब्दहरु थपिएका छन् ।

२३. **मूल नियमावलीको नियम ८१ मा संशोधनः-** मूल नियमावलीको नियम ८१ को उपनियम (१) र (२) को सट्टा देहायको उपनियम (१) र (२) राखिएका छन्:-

(१) बीस लाख रुपैयाँभन्दा कम रकमको प्याकेज भएको परामर्श सेवा ऐनको दफा ६क बमोजिमको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव माग गर्दा सम्भव भएसम्म छ वटा वा कम्तीमा तीनवटा परामर्शदातालाई हुलाकबाट वा विद्युतीय माध्यमबाट वा अन्य उपयुक्त माध्यमबाट प्रस्ताव सम्बन्धी कागजात पठाई प्राविधिक र आर्थिक छुट्टा छुट्टै खाममा माग गर्नु पर्नेछ ।

२४. **मूल नियमावलीमा नियम ८१क थप:-** मूल नियमावलीको नियम ८१ पछि देहायको नियम ८१क थपिएको छ:-

८१क. **मौजुदा सूचीमा रहेका प्रस्तावदाताबाट दररेट मात्र माग गरी परामर्श सेवा खरिद गर्न सकिने:-** (१) पाँच लाख रुपैयाँ वा सो भन्दा कम रकमको प्याकेज भएका परामर्श सेवा ऐनको दफा ६क बमोजिमको मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा परामर्शदाताबाट लिखित रुपमा दरभाउपत्र मात्र माग गरी खरिद गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको दरभाउपत्र माग गर्दा नियम ७८ बमोजिमको कार्यक्षेत्रगत शर्तहरु समेत तयार गरी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त दरभाउपत्रहरु मध्ये सबैभन्दा उपयोगी र कम दर पेश गर्ने परामर्शदाताको दरभाउपत्र स्वीकृत गर्नु पर्नेछ ।

२५. **मूल नियमावलीको नियम ९० मा संशोधन:-** मूल नियमावलीको नियम ९० को उपनियम (७) पछि देहायका प्रतिबन्धात्मक वाक्यांशहरु थपिएका छन्:-

तर बीस लाख रुपैयाँ वा सो भन्दा कम रकमको प्याकेज भएको परामर्श सेवाको लागि पेशागत दायित्व बीमा(प्रोफेसनल लायाविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने छैन ।

२६. **<u>मूल नियमावलीको नियम ९२ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ९२ को सट्टा देहायको नियम ९२ राखिएको छ:-

९२. **<u>सोझै बार्ताबाट खरिद गर्न सक्ने</u>:-** (१) गाउँपालिकालाई उपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी र सेमिनार जस्ता बिषयमा मात्र सेवा लिन परेमा पाँच लाख रुपैयाँसम्मको परामर्श सेवामा प्रमुख प्रशासकीय अधिकृत आफैंले र सो भन्दा माथि बीस लाख रुपैयाँसम्मको हकमा एकतह माथिको अधिकारीको स्वीकृती लिई ऐनको दफा ३७ को प्रतिकूल नहुने गरी सोझै वार्ताबाट खरिद गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यको लागि एक तहमाथिको अधिकारीको स्वीकृती लिई बीस लाख रुपैयाँसम्मको परामर्श सेवा खरिद गर्नु पर्ने अवस्थामा कम्तिमा तीनवटा प्रस्ताव प्राप्त गरी सबैभन्दा उपयोगी र कम मूल्य प्रस्ताव गर्नेसँग गुणस्तर र मूल्यलाई समेत एकीन गरी सोझै वार्ता गरी खरिद गर्नु पर्नेछ ।

२७. **<u>मूल नियमावलीको नियम ९५ मा संशोधन</u>:-** मूल नियमावलीको नियम ९५ को- (१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ:-

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सो उपनियमहरुमा उल्लेखित सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न सकिने छैन ।

(२) उपनियम (१७) पछि देहायको उपनियम (१७क), (१७ख), (१७ग) र (१७घ) थपिएक छन् :-

(१७क) स्थानीय वा राष्ट्रिय विपद्को समयमा विपद् व्यवस्थापनसँग सम्बन्धित बीस लाख रुपैयाँसम्म लागत

भएको निर्माण कार्य तथा परामर्श सेवा वा अन्य सेवा खरिद गर्नु पर्ने भएमा सोझै खरिद गर्न सकिनेछ।

(१७ख) स्थानीय तथा राष्ट्रिय विपद्को प्रभावको कारण गोसाईकुण्ड गाउँपालिकाको असंगठित क्षेत्रमा काम गरी जीवन निर्वाह गरिरहेका श्रमिक वर्गको रोजगारी गुमेमा तथा गाउँपालिकाको क्षेत्रमा बसोबास गरिरहेका असहाय, अशक्त, विपन्न लगायतका व्यक्तिहरुको आयस्रोत घटी भोकमारीको अवस्था सिर्जना भई तत्काल राहतको रुपमा खाद्यान्नको व्यवस्था गर्नु पर्ने भएमा वा विपदको कारण विभिन्न ज्ञात अज्ञात रोगको संक्रमणले महामारीको रुप लिएमा वा लिनसक्ने सम्भावना बढेमा वा अज्ञात रोगको संक्रमण बढी वा बढ्न सक्ने सम्भावना भई सोको व्यवस्थापनका लागि तत्काल आवश्यक औषधी तथा स्वास्थ्य सामग्री र उपकरणहरु खरिद गरी उपलब्ध गराउनु पर्ने भएमा वा त्यस्तो रोगको महामारीको संक्रमणबाट सुरक्षित रहन रोगबाट संक्रमित भएका वा हुन सक्ने सम्भावना भएका व्यक्तिहरुलाई अलग्गै सुरक्षित रुपमा राख्नको लागि आवश्यक सुरक्षित आवास तयार गर्नका लागि चाहिने आवश्यक सामग्री तथा मालसमानहरु तत्काल खरिद गर्नु पर्ने भएमा वा बिपदबाट सिर्जित परिस्थितिका कारण गोसाईकुण्ड गाउँपालाकामा रही दीर्धरोगको उपचार गराइरहेका बिरामीहरुले सेवन गरिरहेको औषधिको थप मात्रा बिरामी आफैले जुटाउन असहज भै त्यस्तो औषधी गाउँपालिकाले नै खरिद गरी वितरण गर्नुपर्ने अवस्था सिर्जना भएमा जतिसुकै रकमको मालसामान, औषधी

तथा औषधीजन्य सामाग्री भएपनि सोझै खरिद गर्न सकिनेछ ।

(१७ग) कार्यालयलाई आवश्यक पर्ने डिजेल, पेट्रोल, मट्टीतेल, खाना पकाउने ग्यााँस लगायतका इन्धनको खरिद गरी मौज्दात राख्नु पर्ने भएमा जतिसुकै रकमको भएपनि सोझै गर्न सकिनेछ ।

(१७घ) गाउँपालिकाबाट सम्पादन हुने कामको लागि राष्ट्रिय तथा स्थानीय स्तरका पत्रिकामा प्रकाशन गरिने बोलपत्र तथा प्रस्ताव माग जस्ता सूचना तथा छपाई सम्बन्धी खर्च जतिसुकै रकमको भएपनि सोझै गर्न सकिनेछ ।

२८. **<u>मूल नियमावलीको नियम १०५ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १०५ को-

(१) उपनियम (१) को "पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य" भन्ने शब्दहरु पछि "स्वास्थ्य सेवाको कार्य, ईन्जिनियरिङ सेवाका कार्यहरु" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ:-

(३) पाँच लाख रुपैयाँसम्म सेवा शुल्क लाग्ने सेवा वार्ता गरी खरिद गर्न सकिने छ । सो भन्दा बढी सेवा शुल्क लाग्ने सेवाको हकमा स्थानीय वा राष्ट्रिय स्तरका पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी दरखास्त वा प्रस्ताव माग गर्न सकिनेछ । त्यस्तो सूचना सम्भव भएसम्म गाउँपालिकाको वेभसाईडमा समेत राख्न सकिनेछ ।

(३) उपनियम (४) को खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राखिएका छन्:-

(घ) दरखास्तदाता वा प्रस्तावदाताले दरखास्त वा प्रस्तावसाथ पेश गर्नु पर्ने न्यूनतम कागजात र विवरण,

(ङ) दरखास्त वा प्रस्ताव दाखिला गर्नु पर्ने अन्तिम मिति र स्थान,

(४) उपनियम (५), (६) र (७) को सट्टा देहायका उपनियम (५), (६) र (७) राखिएका छन्:-

(५) गाउँपालिकाले म्यादभित्र दरखास्त वा प्रस्ताव पेश गर्ने उम्मेदवारहरुको छनौटको लागि छनौट समिति गठन गर्नु पर्नेछ । छनौट समितिले अन्तरवार्ता मात्र वा लिखित परीक्षा तथा अन्तरवार्ताद्वारा उपयुक्त उम्मेदवार छनौट गरी करार सम्झौताको लागि कार्यालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(६) छनौट समितिले गरेको सिफारिसको आधारमा गाउँपालिकाले सम्झौता गरी आवश्यक जनशक्ति सेवा करारमा लिनुपर्नेछ ।

(७) उपनियम (६) बमोजिम सम्झौता गर्ने व्यक्तिले सेवा करार गर्न नआएमा बैकल्पिक उम्मेदवारलाई सूचना गरी सम्झौता गर्नु पर्नेछ ।

२९. **<u>मूल नियमावलीको नियम १०७ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १०७ को-

(१) उपनियम (१) को सट्टा देहायका उपनियम (१) र (१क) राखिएका छन् :-

(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यसको सेवा उपभोग गर्ने समुदायमात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ ।

(१क) उपनियम (१) मा उल्लेखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिबृद्धिकर, कन्टेनजेन्सी रकम र जनसहभगिताको अंश समेतको रकम समावेश हुनेछ ।

(२) उपनियम (१४) को “कुनै रकम दुरुपयोग गरेको पाईएमा” भन्ने शब्दहरु पछि “वा गरेको काम भन्दा बढी रकम भुक्तानी दावी गरी भुक्तानी लिएमा” भन्ने शब्दहरु थपिएका छन् ।

३०. **<u>मूल नियमावलीको नियम १२१ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १२१ को-

(१) उपनियम (१) मा रहेको “दशलाख” भन्ने शब्दको सट्टा “बीसलाख” भन्ने शब्द राखिएका छन् ।

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ:-

(५) बीस लाख रुपैयाँ भन्दा बढी रकमको परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको तीस दिनभित्र सम्झौताको कूल रकमको सबै किसिमको जोखिम व्यहोर्ने गरी गाउँपालिकालाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा (प्रोफेसनल लायविलिटी इन्सोरेन्स) गराउनु पर्नेछ ।

३१. **<u>मूल नियमावलीको नियम १२४ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १२४ को उपनियम (८) मा रहेका “पच्चीस हजार” भन्ने शब्दहरुको सट्टा “एक लाख” भन्ने शब्दहरु राखिएका छन् ।

३२. **<u>मूल नियमावलीको नियम १३८ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १३८ को उपनियम (४) को खण्ड (घ) मा रहेका “दशलाख” भन्ने शब्दको सट्टा “बीसलाख” भन्ने शब्द राखिएका छन् ।

३३. **<u>मूल नियमावलीको नियम १४४क थप</u>:-** मूल नियमावलीको नियम १४४ पछि देहायको नियम १४४क थपिएको छ:-

१४४क. **निजि जग्गा वा लिजमा लिएका जग्गा वा भाडाका जग्गाको माटो वा ढुङ्गा, बालुवा र रोडा मिसिएको माटो वा माटो मिसिएको बालुवाको बिक्री शुल्क सम्बन्धी व्यवस्था:-** (१) गोसाईकुण्ड गाउँपालिकाको क्षेत्रभित्र रहेका निजि जग्गा वा लिजमा लिएका जग्गा वा भाडावाला जग्गाका जग्गाधनी व्यक्ति, संस्था वा कम्पनीले आफ्नो जग्गामा बाढी पहिरो जस्ता विपदबाट थुप्रिएको वा अन्य तरिकाबाट संकलन भएको माटो वा ढुङ्गा, बालुवा र रोडा मिसिएको माटो वा माटो मिसिएको बालुवा जस्ता मालबस्तुको परिमाण समेत तोकी बिक्री गर्ने अनुमतिका लागि गाउँपालिकामा निवेदन दिएमा गाउँपालिकाले निर्णय गरी बिक्रि गर्न प्रस्ताव गरेको कूल परिमाणको एकमुष्ट बार्षिक बिक्री शुल्क निर्धारण गरी निर्धारित कूल रकम गाउँपालिकाले तोकेको खातामा जम्मा गर्न लगाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको बिक्री शुल्क निर्धारण गर्दा ३ नं प्रदेश सरकारको आर्थिक ऐनले उक्त माटो वा माटो मिसिएको मालबस्तुको बिक्रि शुल्कको सम्बन्धमा तोकेको दरलाई आधार मान्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम गाउँपालिकाले तोकेको खातामा एकमुष्ट बिक्रि शुल्क जम्मा भएको बैंक भौचर गाउँपालिकामा प्राप्त भएपछि गाउँपालिकाले आवश्यक शर्तहरु तोकी सम्बन्धित जग्गा धनीलाई त्यस्तो मालबस्तु बिक्रि गर्ने अनुमति दिनु पर्नेछ ।

३४. **<u>मूल नियमावलीको नियम १५५ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १५५ को उपनियम (३) मा "दश लाख" भन्ने शब्दको सट्टा "बीस लाख" भन्ने शब्दहरु राखिएका छन् ।

३५. **<u>मूल नियमावलीको नियम १५७ मा संशोधन</u>:-** मूल नियमावलीको नियम १५७ को-

(१) उपनियम (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांशहरु राखिएका छन्:-

तर मूल्याङ्कनको समयमा खरिद इकाई प्रमुख कार्यालयमा उपस्थित नभएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले मूल्याङ्कन समितिको सचिव भई काम गर्नु पर्नेछ ।

(२) उपनियम (८) मा "अध्यक्ष" भन्ने शब्द पछि "वा कार्यालय प्रमुख" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**
**देवीलाल सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**